आज मिति २०८१/१२/१८ गते यस ढोरपाटन नगरपालिका नगरकार्यपालिकाको बैठक ढोरपाटन नगरपालिकाका कार्यवाहक नगरप्रमुख श्री धन बहादुर कायतको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नलिखित निर्णय गरियो:

**तपसिलः**

| सि.नं. | नामथर | पदाधिकारी | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | धन बहादुर कायत | का.वा. नगर प्रमुख | अध्यक्ष | |
| २ | वान बहादुर छन्त्याल | वडा अध्यक्ष | सदस्य | |
| ३ | भेक बहादुर खत्री | वडा अध्यक्ष | सदस्य | |
| ४ | खिम बहादुर सुनार | वडा अध्यक्ष | सदस्य | |
| ५ | तिलक पुन | वडा अध्यक्ष | सदस्य | |
| ६ | दिपेन्द्र पुन मगर | वडा अध्यक्ष | सदस्य | |
| ७ | उमेश कुमार बुढा मगर | वडा अध्यक्ष | सदस्य | |
| ८ | राम बहादुर कायत | का.वा. वडा अध्यक्ष | सदस्य | |
| ९ | भद्रमणी सुनार | वडा अध्यक्ष | सदस्य | |
| १० | कमला वि.क. | का.वा. वडा अध्यक्ष | सदस्य | |
| ११ | बिमला महत | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | निम कुमारी भण्डारी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | तुलसरी बि क | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | खगीसरा कायत | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | इन्द्र कुमारी सिर्पाली | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | दिलिप कुमार थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | कुल बहादुर छन्त्याल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | नविन शेरचन | कार्यपालिका सदस्य | सदस्य | |
| १९ | चिरन्जिवि घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | सदस्य -सचिव | |
| २० | देवेन्द्र वस्याल | | योजना सहायक | |

| क्र.स. | एजेण्डा | निर्णयहरु | भिन्न मत |
|---|---|---|---|
| १ | ढोरपाटन नगरपालिकाको भू-वर्गीकरण सम्वन्धमा । | ढोरपाटन नगरपालिकाबाट स्वीकृत मापदण्ड, ढोरपाटन नगरपालिकाको भूमी वर्गीकरणको नक्सा र प्रकाशित सुचनाबाट प्राप्त निवेदनको आधारमा तयार भएको कित्तागत विवरण (खण्ड १-६ सम्म) स्वीकृत गर्ने र स्थानीय भू-उपयोग परिषद्को मिति २०८१/११/११ गते प्रकाशन भएको सूचना बमोजिम तोकिएको मापदण्ड र निवेदकको माग बमोजिम परिवर्तन गरी प्राप्त कित्तागत विवरण राजपत्रमा प्रकाशन गर्ने। | छैन |
| २ | गण्डकी प्रदेश नीति तथआ योजना आयोग, गण्डकी प्रदेश सरकारमा आ.व.२०८२/०८३ को समपुरक र विशेष अनुदानको योजना पेश गर्ने सम्वन्धमा । | गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा को च.न.४९४, मिति २०८१/१२/१३ गतेको विशेष र समपूरक अनुदान अन्तर्गतक स्थानीय तहबाट आ.व. २०८२/८३ मा संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम यस नगरपालिका बाट तपसिल बमोजिमका योजना पेश गर्ने निर्णय गरियो ।<br>**तपसिलः-**<br>**<u>क) समपूरक अनुदान अन्तर्गतः-</u>**<br>१.ढोरपाटन खानेपानी आपुर्ति तथा विस्तार (वडा नं.१,२र६) रु.२,००,००,०००।—(दुई करोड मात्र)<br>२. रुद्र ताल संरक्षण (वडा नं. ९)- रु.२,००,००,०००।—(दुई करोड मात्र)<br>३.पेङखोला सिंचाई आयोजना (वडा नं. ५) रु. २,००,००,०००।—(दुई करोड मात्र)<br>**<u>ख) विशेष अनुदान अन्तर्गतः-</u>**<br>१.फलामखानी गाँउ संरक्षणको लागि तटबन्धन निर्माण (वडा नं. ४) (आ.व २०८०/२०८१ मा सुरु भई अधुरो रहेको) – रु.४०,००,०००/-( चालिस लाख मात्र)<br>२. ज्ञानोदय भवन निर्माण (वडा नं. ७) - रु.४०,००,०००/-( चालिस लाख मात्र)<br>३. जनकल्याण आ.वि. भवन निर्माण (वडा नं. ३) - रु.४०,००,०००/-( चालिस लाख मात्र) | छैन |

धन बहादुर रावत
का.वा.नगर प्रमुख

CamScanner

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ३ | विविध | | |
| ३.१ | ठेक्का स्वीकृत सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८२/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "भुजि देखि निसेलढोर सम्म ग्राबेल (ठेक्का नं. DM/NCB/Works/03-2081/082)" को मिति २०८१/०९/२४ गते दोस्रो पटक प्रकाशन गरिएको ठेक्का सूचना बमोजिम मिति २०८१/१०/१० गते खोलेको मुचुल्का बमोजिम मुल्याङ्कन समितिले पेश गरेको रिपोर्ट बमोजिम दुई (२) वटा फर्म/कम्पनी पेश भएकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung र M/D.R.H Construction pvt.ltd मध्ये नगरपालिकाको लागत अनुमान रु.१७,०३,७१६.८०।—(भ्याट बाहेक) रहेकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung ले रु.१६,७९,२७४.०१।— (भ्याट बाहेक) र M/D.R.H Construction pvt.ltd रु.१६,८२,४०२.१४।— (भ्याट बाहेक) रकम बोल कबल गरेकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung ले पुरानो ठेक्काको कागजात खरिद रसिद पुरानो राखि पेश गरेको र व्यवसाय दर्ता प्रमाणपत्र समेत समावेश नगरेको र M/D.R.H Construction pvt.ltd ले व्यवसाय दर्ता प्रमाणपत्र नविकरण नगरि पेश गरेकोले पुर्णताको परिक्षणमा उत्तिर्ण नभएकोले सार्वजनिक खरिद ऐन, २०६४ नियमावली, २०६४ बमोजिम मिति २०८१/११/१२ गते पुन तेस्रो पटक बोलपत्र आवहन भई पेश हुन आएका बोलपत्रदाताहरु मध्ये सबै भन्दा कम अंक बोल कबोल गर्ने श्री पातिहाल्ने रिगा कन्ट्रक्सन एण्ड सप्लायर्सबाट पेश भएको कागजातहरु मध्ये व्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र पेश नभएकोले दोस्रो नम्वरमा बोल कबोल गर्ने M/D.R.H Construction Private Limited बाट रु.१८,६१,६१३.३५/-(अठार लाख एकसठ्ठी हजार छ सय तेह्र रुपैयाँ पैतीस पैसा बोलकबोल भएकोले उक्त फर्मबाट भुजी देखि निसेलढोर सम्म ग्रावेल गर्ने कार्य गर्नका लागि श्री M/D.R.H Construction Private Limited को | छैन |

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | बोलपत्र स्वीकृत गरि नीजसंग सम्झौता गरि कार्य प्रक्रिया अगाडी बढाउने । | |
| ३.२ | बुर्तिबाङ खानेपानी आयोजनाको ठेक्का व्यवस्थापन सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम बुर्तिबाङ खानेपानी आयोजना (विशेष अनुदान, गण्डकी प्रदेश सरकार) मा रु. ४०,००,०००।– (चालिस लाख) बिनियोजन भएकोमा उक्त योजना कार्यान्वयनको लागि ठेक्का प्रकृयाबाट अगाडि बढाउने । | छैन |
| ३.३ | उ.स. मार्फत सम्पन्न भएका योजनाहरुको रकम भुक्तानी तथा फरफारक सम्बन्धमा। | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को चैत्र १७ सम्म उपभोक्ता समिति मार्फत कार्यान्वयन भई सम्पन्न भएका योजनाहरुको फरफारक गरि भुक्तानी दिने । | छैन |
| ३.४ | ढोरपाटन नगरपालिकाको विद्यालय समायोजन एवं शिक्षक व्यवस्थापन कार्यविधि,२०८१ र विद्यालय व्यवस्थापन प्रतिवेदन सम्बन्धमा। | ढोरपाटन नगरपालिकाको विद्यालय समायोजन एवं शिक्षक व्यवस्थापन कार्यविधि,२०८१ स्वीकृत गर्ने र ढोरपाटन नगरपालिकाका सम्पूर्ण विद्यालय र शिक्षकहरुलाई आगामी आ.व. को कामकाजको लागि घुम्ती विद्यालय, विद्यालय मर्ज,दरबन्दी मिलान शिक्षक सरुवा र कामकाजको लागि शिक्षा शाखा, विज्ञ टोली, नगरशिक्षा समिति सहितले स्थलगत अनुगमन अध्ययन प्रतिवेदन पेश गर्न लगाउने । | छैन |
| ३.५ | आ.व.२०८२/०८३ को आय व्यय अनुमान सम्बन्धमा । | यस ढोरपाटन नगरपालिकाको आ.व. २०८२/२०८३ को आय व्यय अनुमानको लागि लागि राजश्व परामर्श समिति, स्रोत अनुमान समिति, वजेट तथा कार्यक्रम समिति र पूर्वाधार, आर्थिक, सुशासन, विधायन, सामाजिक समितिका वैठकहरु वसी प्रकृया अगाडि बढाउने । | छैन |
| ३.६ | रकम भुक्तानी सम्बन्धमा । | कारागार कार्यालय बागलुङको गाडी मर्मतको लागि रु.८०,०००/- (अक्षरुपी असी हजार) सम्वन्धित फर्मलाई र सशस्त्र प्रहरी बागलुङलाई विपद व्यवस्थापन को लागि रु.६१,०००/- (अक्षरुपी एकसठ्ठी हजार) सम्बन्धित फर्मलाई भुक्तानी दिने । | छैन |
| ३.७ | तलव भत्ता निकासा सम्बन्धमा। | तलब भत्ता निकासा नभएका विद्यालयहरुमा दोस्रो पटकको लागि चैत मसान्तसम्मको लागि व्यवस्थापन समिति र लेखा परीक्षण | छैन |

| | | | |
|---|---|---|---|
| | | नभएमा विद्यालयको निकासा रोक्का गर्ने र नमूना आ.वि. का प्र.अ. हिरादेवी वुढा मगरले तलव निकासाको लागि निवेदन प्राप्त भएकाले निजले पनि विद्यालय व्यवस्थापन समिति गठन र लेखा परीक्षण गरी आएमा मात्र निकासा फुकुवा गर्ने। | |
| ३.८ | बर्थिङ सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धमा। | यस ढोरपाटन नगरपालिका वडा नं.९ मा घरमा हुने सुत्केरीहरु धेरै भएको हुँदा ढोरपाटन नगरपालिकाको स्वीकृत वार्षिक वजेट रु.३००,०००/- बाट वडा नं.९ मा **वर्थिङ सेन्टर** स्थापना गरी १ जना अ.हे.व र १ जना अ.न.मी राखी संचालन गर्ने । | छैन |
| ३.९ | इजाजत पत्र दिने सम्बन्धमा। | यस ढोरपाटन नगरपालिका अन्तर्गत वडा नं. ५ बस्ने लब्ली भुसाल कंडेलले मिति २०७७/०६/२७ मा कम्पनी रजिष्टारको कार्यालय काठमाडौ र आन्तरिक राजश्व कार्यालय बागलुङमा दर्ता भई सार्वजनिक निर्माण कार्य गर्नको लागि मिति २०८१/१२/०१ मा निर्माण व्यवसायीको रुपमा दर्ता गर्न निवेदन पेश गरेकोले ढोरपाटन नगरपालिकामा वडा नं. ५ नाथुरी मुख्य कार्यालय रहने गरी नाथुरी शिवजी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. 'घ' वर्गको रुपमा दर्ता गरी रु. ३०,०००/- राजश्व लिई इजाजत प्रमाणपत्र दिने । | छैन |
| ३.१० | काज फिर्ता सम्बन्धमा। | श्री दिपक आ.वि. ४ बाट श्री उत्तरगंगा मा.वि. १ काज सरुवा ल्याइएका शिक्षक श्री महेश शरण आचार्यलाई काज फिर्ता गर्ने र उत्तर गंगा मा.वि. को ११/१२ को नगर अनुदान यथावत कायम राख्ने । | छैन |
| ३.११ | दिगो पर्यटन परियोजना सम्बन्धमा। | दिगो पर्यटन परियोजना कार्यक्रमको लागि रु.१,००,०००/-(एक लाख रुपैया) आर्थिक सहायता शिर्षकबाट विनियोजन गरी न पर्यटन वोर्ड टंगाल काठमांडौ संग साझेदारीमा कार्य गर्ने । | छैन |
| ३.१२ | सशर्त अनुदान माग सम्बनधमा। | आ.व.२०८२/०८३ को लागि प्रदेश सशर्त अनुदान को रुपमा देहायको योजनाहरु माग गर्ने:-<br>१. पीस पाटन पार्क निर्माण (वडा नं ६)- रु १,००,००००० /- (एक करोड मात्र) | |

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | २. वयचौर खल्लाङ अर्नाकोट मोटरबाटो निर्माण (ढो न पा २) – रु १,००,००,००० /- (एक करोड मात्र)<br>३. हुन्द्रफेदी देखी ईजर मोटरबाटो निर्माण (ढो न पा ३) रु १,००,००००० /- (एक करोड मात्र) | |
| ३.१३ | सवारी साधन माग सम्बन्धमा । | ढोरपाटन नगरपालिकामा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत कार्यालय प्रयोजनको लागि हाल यस कार्यालय एउटा मात्र बोलेरो पिकअप गाडि रहेको र अर्को गाडि आवश्यकता हुदाँ हुदै पनि बजेट अभाव भई खरिद गर्न नसकिएकोले संघीय सरकारको कुनै मन्त्रालय तथा विभागमा रहेका चलाउन मिल्ने खालको एउटा सवारी साधन माग गर्ने । | |
| ३.१४ | मध्यकालीन खर्च संरचना सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८२/०८३-२०८४/०८५ को लागि मध्यकालीन खर्च संरचना तयार गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्नेः-<br>तपसिलः-<br>१.श्री चिरञ्जिबि घिमिरे (प्रमुख प्रशासकीय अधिकृत)- संयोजक<br>२.श्री सुर्य बहादुर वि.क. — सदस्य<br>३.श्री कृष्ण प्रसाद गौतम- सदस्य<br>४.श्री भुमिश्वर शर्मा — सदस्य<br>५.श्री प्रकाश गैरे — सदस्य सचिव<br>(सबै शाखा प्रमुखहरु आमन्त्रित सदस्यमा रहने) | छैन |
| ३.१५ | विद्यालय अनुमती सम्बन्धमा। | ढोरपाटन स्थित वडा नं. ८ मा श्री नवी बोर्डिङ निजी शैक्षिक गुठी अन्तर्गत गुठी (सस्थागत) विद्यालय संचालनको लागि अनुमती माग भएकोमा सोही गुठी अन्तर्गत श्री नवी बोर्डिङ स्कुल दर्ता गरी हाल कक्षा १ को अनुमती प्रदान गर्ने । | छैन |

CamScanner

| | | | |
|---|---|---|---|
| ३.१६ | नवप्रवर्तन साझेदारी कोषको अवधारणापत्र पेश तथा कार्यक्रम कार्यान्वयन समिति र सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा । | गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०८१/१२/२२ को सूचना अनुसार यस ढोरपाटन नगरपालिकाबाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि **"प्रविधि मार्फत आर्थिक सामाजिक रुपान्तरण"** कार्यक्रम सञ्चालनको लागि अवधारणापत्र तयार गरी पठाउने र सोको लागि यस पालिकाबाट रु.५०,०००००/-(अक्षरुपी पचास लाख) र कोषबाट रु.१,५०,०००००/-(एक करोड पचास लाख) गरी जम्मा रु.२,००,०००००/- (दुई करोड ) को लागत साझेदारीमा गर्ने गरी कार्यक्रम सञ्चालन गर्न अवधारणा पत्र पेश गर्ने। साथै तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गरी सम्पर्क व्यक्ति समेत तोक्ने।<br>तपसिल :<br><u>कार्यक्रम कार्यान्वयन समिति</u><br>१. श्री धन बहादुर कायत – संयोजक( का.वा. नगर प्रमुख)<br>२. श्री चिरन्जिवि घिमिरे – सदस्य( प्र.प्र.अ)<br>३. श्री सुर्य बहादुर वि.क – सदस्य( लेखा अधिकृत)<br>४. श्री प्रकाश गैरे – सदस्य (प्रशासकीय अधिकृत)<br>५. श्री किरण सापकोटा – सदस्य सचिव (सूचना प्रविधि अ.)<br><br>सम्पर्क व्यक्ति: श्री प्रकाश गैरे (प्रशासकीय अधिकृत) | छैन |
| ३.१७ | रकम भुक्तानी सम्बन्धमा । | यस ढोरपाटन नगरपालिकाबाट आ.व २०८१/२०८२ मा महिला दिवस कार्यक्रम मनाउदा लागेको खर्च आर्थिक सहायता शिर्षकबाट रु.१,००,०००/- ( अक्षरुपी एक लाख) भुक्तानी दिने । | छैन |
| ३.१८ | बुर्तिबाङ अस्पतालको कर्मचारी व्यवस्थापन सम्बन्धमा । | बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा नगरपालिकाको तर्फबाट करार सेवामा नियुक्ती भएका सबै स्वास्थ्यकर्मीहरु तथा कार्यालय सहयोगीहरुको म्याद २०८१ चैत्र मसान्तसम्म करार सम्झौता भएकोले चैत्र मसान्त सम्मको तलबभत्ता भुक्तानी गर्ने र २०८२ बैशाख देखी करार म्याद नवीकरण गर्न कानुनी अड्चन परेकोले सोही वेहोरा सम्बन्धित निकायहरुमा जानकारी गराउने साथै | छैन |

| | | | |
|---|---|---|---|
| | | आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ढोरपाटन नगरपालिका वडा नं.१ मा सहरी स्वास्थ्य पर्वधन केन्द्र सञ्चालन गरी १ जना अ.न.मी, १ जना अ.हे.व, १ जना ल्याव असिष्टेन्ट र १ जना कार्यालय सहयोगीको विज्ञापन गरी करार सेवामा लिने । | |
| ३.१९ | अख्तियारी सम्बन्धमा। | वादी तेजिन्द्र थापा, प्रतिवादी ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिबाङ समेत भएको निषेधाज्ञा परमादेश समेतको मुद्दामा यस पालिकाबाट नगर कार्यपालिकाको कार्यालय,प्रमुख प्रशासकीय अधिकृत, का.वा. नगर प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति र प्र.अ. भिम कुमारी भण्डारी समेतको तर्फबाट यस कार्यालयका प्रा.स. ज्ञानेन्द्र प्रकाश सापकोटालाई मुद्दाको वहस पैरवी र मुद्दाको किनारा सम्मको कार्य गर्न अख्तियारी तोकी प्रतिउत्तर दर्ता लगायतका सम्पूर्ण कार्य गर्न लगाउने । | छैन |
| ३.२० | विद्यालय अनुमती सम्बन्धम। | ढोरपाटन नगरपालिका स्थित् वडा नं. ७ मा श्री फ्युचर ब्राइटर पब्लिक स्कुल प्रा.लि. बागलुङबाट बागलुङ नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको च.नं.२७३७, मिति २०८१/१२/१९को विद्यालय स्थानान्तरणको सहमती तथा ढोरपाटन नगरपालिका वडा नं. ७ वडा कार्यालयको च.नं.५८५, मिति २०८१/१२/१२ को विद्यालय स्थानान्तरण सिफारिस सहमती सहित् यस कार्यालयमा आवश्यक कागजात पेश हुन आएकोले निज ढोरपाटन नगरपालिका स्थित वडा नं. ७ मा श्री फ्युचर ब्राइटर पब्लिक स्कुल प्रा.लि. बोबाङ,बागलुङ दर्ता नं. ५०४८०/०६४-६५ लाई प्रचलित नियमानुसार आधारभुत तह कक्षा १-५ सञ्चालन अनुमती प्रदान गर्ने । | छैन |